# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११ ] काठमाडौं, पौष १८ गते २०१८ साल [ संख्या ३७

**श्री ५ को सरकार**

### अर्थ आर्थिक कार्य विषय मन्त्रालयको सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ अन्तर्गत श्री ५ को सरकारले जारी गरेको तल लेखिए बमोजिमको आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित आदेश जारी गरेको छ ।

तपसीलमा लेखिएका माल सामान तथा वस्तुहरू नेपाल अधिराज्यमा पैठारी गर्न र नेपाल अधिराज्यबाट निकासी गर्न प्रतिबन्ध लगाइएकोछ ।

(क) पैठारी तर्फ -- (१) वनस्पति तेल, ध्यू । (२) वायरलेस ट्रान्समिटर।
(३) जंगी खर खजाना । (४) खर खजाना बनाउंदा चाहिने रासायनिक वस्तु (पोटासियन क्लोरेट, पोटासियन नाइट्रेड, आइसिड नाइट्रेड, सेलुस इत्यादि)
(५) पटका । (६) आलसको तेल ( डबल ब्वायल, बाहेक )
(७) बिफ । (८) अफिम । (९) मर्फिया । (१०) कागते बाहेक केप
(११) बिडि । (१२) बोसो ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) निकासी तर्फ – (१) निकासी गर्न मनाही भैराखेका मोहर, रुपैयां, सुकी, पचन्नी र बिदेशी चांदीका सिक्काहरू ।

(२) देव देवताको मूर्ति, ताडपत्र, भुजापत्र, पौवाहा, ऐतिहासिक कलात्मक महत्व भएको माल ।

(३) सुन चांदी र त्यसबाट बनेका माल, ज्वाहारात र ज्वाहारात जडान भएका मालहरू (गुन्टा झिटी भारीको नियम र क्यूरिओको नियममा परेका बाहेक)

(४) गाई, गोरू ।

(५) सडक बनाउनलाई उपयोग गर्ने खोला खोलाको ढुंगा (प्रकाशित गजेटको नियम बमोजिम नभएको)

(६) गैंडाको खाग, छाला, हाड आदि ।

(७) स्क्रेप आइरन (टुक्रा टुक्री फलाम) ।

(ग) कसैले माथि उल्लिखित खण्ड (क) र (ख) मा लेखिएका माल वस्तुहरू अनजानमा ल्याएमा सो माल वस्तुहरू जफत हुनेछ ।

(घ) यस अघि मनाही माल वस्तुहरूको सम्बन्धमा भइराखेको सबै निर्णय खारेज गरिएकोछ

आज्ञाले–
यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव
अर्थ आर्थिक कार्य विषय मन्त्रालय

श्री ५ को सरकार

## अर्थ आर्थिक कार्य विषय मन्त्रालयको सूचना

सामयिक कर असूल ऐन, २०१२ अन्तर्गत श्री ५ को सरकारले जारी गरेको तल लेखिए बमोजिमको आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सामायिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित आदेश जारी गरेको छ ।

अबदेखि यात्रुहरूले ३ बोतल मदिरा र १२ बोतल बियर साथमा ल्याएमा दरवन्दी बमोजमको महसूल लिई र त्यसभन्दा बढी ल्याएमा दरवन्दी माथि सयकडा ५० सरचार्ज लिई छोडिदिइनेछ ।

आज्ञाले–
यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव
अर्थ आर्थिक कार्य विषय मन्त्रालय

२२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।